गोलबजार सिरहा
प्रदेशनं २, नेपाल

गोलबजार नगरपालिका

आर्थिक बर्ष ०७५/०७६ को नदिजन्य पदार्थको उत्खनन् गरी

# बिकी वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्र सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७५।०७।०४)**

**दोस्रो पटक प्रकाशित मिति : २०७५/०८/०४**

स्थानीय सरकार सन्चालन ऐन २०७४ को परिच्छेद ३ को घ(६) को व्यवस्था, र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प.सं.०७५/०७६, च.नं.-७३ मिति २०७५/०५/१७ को पत्रानुसार यस गोलबजार नगरपालिले तोकेको नदीहरुको स्वीकृत घाटहरुवाट निर्धारित मापदण्ड बमोजिम नदि जन्य पदार्थ निकाली गोलबजार नगरपालीकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोवस्तको लागि तोकिएका शर्तमा मिति २०७५/०७/०४ गते मार्गानुगामी राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित सूचना अनुसार बोलपत्र आवेदन नपरेकोले प्रचलित नियमानुसार पुन: ठेक्का लिन चाहने इच्छुक फर्म वा कम्पनीहरुवाट निम्नलिखित शर्तको अधिनमा रहि आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र मु.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखादर्ता प्रमाणपत्र तथा आर्थिक बर्ष ०७४/०७५ को कर चुक्ताको प्रमाणित प्रतिलिपिहरु, कारवाही वा कालोसूचीमा नपरेको स्वघोषण, अख्तियारनामा (Letter of Attorney) सहित रितपूर्वकको गोप्य शिलवन्दी बोलपत्र आव्हान गरिएको छ।

**शर्तहरु :-**

१. वोलपत्र फारम सुचना प्रथम पटक प्रकाशित भएको मितिले **१५औं दिनको**कार्यालय समयभित्र खरिद गर्न सकिने छ भने बोलपत्र पेश गर्ने अवधि बोलपत्र खरिद गर्ने अन्तिम मितिको भोली पल्ट दिनको १२ बजे रहने छ। दर्ता हुन आएको बोलपत्रहरु **१६औं दिनको २ बजे** गोलवजार नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ। वोलपत्र फारमहरु खरिद, दर्ता र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलि पल्ट सोही समय भित्र खरिद, दर्ता र खोल्ने कार्य गरिनेछ। वोलपत्र खरिद तथा पेश गर्न वोलपत्रदाता फर्मको प्रोपाईटर स्वयम उपस्थित हुनुपर्नेछ। उक्त कार्यगर्न आफै उपस्थितहुन नस्कने भएमा अधिकारिक दस्तखत र फर्मको छाप सहितको अख्तियार नामादिई प्रतिनिधी खटाउन सक्नेछ।

२. वोलपत्र फारम साथ धरौटी वापत कबुल अंकको मु.अ. कर वाहेक ५ (पाँच)प्रतिशतले हुन आउने रकम यस कार्यालयका रा.वा.बैंक सिरहा शाखामा रहेको **धरौटी खाता नं. २१३०३०३०००३०२** मा रकम जम्मा गरेको सक्कल भौचर वा सुचना जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरीएको नेपाल रा.वा.वैंक वाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य वैंकको वोलपत्र जमानत (बिड बोण्ड) पेश गर्नुपर्नेछ।

३. खरिद गरेको वोलपत्र फारमहरुमा उल्लेख भएका सवै विवरणहरु भरी वोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरेर शिलवन्दी गरी खामको वाहिर पटी ठेक्काको नाम, ठेकेदारको नाम, ठेगाना, काम विवरण, ठेक्का विवरण, सम्पर्क नं. र गोलवजार नगर कार्यपालिकाको कार्यालय, गोलवजार भनि प्रष्ट बुझने गरी लेख्नुपर्नेछ। वोलपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी प्रष्ट संग लेख्नु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ।

४. वोलपत्र दिदाँ कुनै प्रकारको शर्त मान्यहुने छैन। साथै यस कार्यालयको छाप र कार्यालयको तर्फवाट प्रमाणित नभएको वोलपत्र फारमलाई मान्यता दिईने छैन।

५. यस नगरका नदि तथा नदिहरुका उत्खनन् परिमाण सन्दर्भमा नदिजन्य निर्यात समाग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एंव नेपाल सरकारवाट जारी भएका निर्देशनहरु गोलवजार नगरपालिकाको ढुङ्गा, गिटी, वालुवा उत्खनन् संकलन सम्बन्धी प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन यस ठेक्काका सम्झौताको अभिन्न अंग रहनेछ।

६. ठेक्का अवधि २०७६ जेष्ठ मसान्त सम्म रहनेछ। उल्लेखित न्युनतम ठेक्का रकम वार्षिक भएकोले ठेक्का स्वीकृत भएको फर्मको कवोल अंकलाई बाँकी अवधीको ठेक्का रकम भएकोले २ किस्तामा कुलकवोल रकम यस कार्यालयमा दाखिला गर्नुपर्नेछ।

७. स्वीकृत रकम वमोजिमको प्रथम किस्ता वापत ५० प्रतिशत वुझाई सम्झौता गर्नुपर्नेछ र वाँकी अवधीको लागी दोस्रो किस्ताको रकम वापत यस कार्यालयको नाममा २०७६ साल साउन मसान्त सम्मको वैंक ग्यारेन्टी (पर्फमेन्स वोण्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ। दोस्रो किस्ता २०७६ वैशाख मसान्त भित्र वुझाई सक्नुपर्ने छ। साथै ठेकेदारले कवुल गरेको सम्पुर्ण रकम एक मुष्ठ अग्रिमरुपमा वुझाएमा कवुल अंकको १० प्रतिशत रकम छुट दिईनेछ।

८. ठेक्का अवधिको प्रचलित कानुन अनुसार बुझाउनुपर्ने आयकर लगायतको अन्य करहरु ठेकेदार स्वंयले व्यहोर्नु पर्नेछ। र ठेक्का रकमवाट घटाउन पाईने छैन।

९. कारोवार गर्दा वालश्रमको प्रयोग गर्ने र वातावरणमा प्रतिकुल असर पर्ने प्रविधि अपनाउन पाईने छैन।

१०. वोलपत्र स्वीकृत गर्ने आशयको सुचना प्राप्त गरी निर्धारित समय भित्र कार्यालयसंग सम्झौता गरिसक्नुपर्नेछ। तोकिएको समय भित्र सम्झौता गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटी जफत गरी नियमानुसार कारवाही गरिनेछ।

११. ठेकेदारले उठाउने कर यस कार्यालयले तोकेको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ। राष्ट्रिय राजमार्ग र सहायक राजमार्गहरुमा ढाट राखी कर उठाउन पाईने छैन।

१२. ढुंगा, गिट्टी, ग्राभेल र बालुवा उत्खनन् पुल, कल्भर्ट, कजवे, सडक, वाटो तथा सार्वजनिक निर्माण स्थलको दायाँ वायाँ ५०० मिटर भित्रवन क्षेत्र र कुनै पनि व्याक्तिको घर, जग्गा, कुलो, बाँध, सार्वजनिक स्थल आदिबाट निकाल्न पाईने छैन।

१३. म्याद नाघी वा रित नपुगी प्राप्त भएको वोलपत्र उपर कुनै कारवाही हुने छैन।

१४. ठेकेदार ले वन्द हड्ताल र समय अभावको कारण देखाई छुट तथा मिनहा दाबी गरेमा कार्यालयले छुट दिने छैन।

१५. नेपाल सरकार, प्रदेश सरकार र यस कार्यालयले समय समयमा दिएको निर्देशन पालना गर्नु ठेकेदारको कर्तव्य हुने छ।

१६. कुनै कारण जनाई वानजाई वोलपत्र स्वीकृत गर्ने वानगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ बिशेष अवस्थामा सुचनामा उल्लेखित शर्त र समय हेरफेर गर्न सकिने छ।

१७. यस सुचनामा उल्लेख भएको कुराहरु यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन वमोजिम हुनेछ।

१८. सुचना सम्वधित विस्तृत विवरण यस कार्यालयको सुचना पाटी तथा कार्यालयको वेवसाईट www.golbazarmun.gov.np मा समेत हेर्न सकिने छ। यस सम्वन्धमा अन्य कुरा वुझ्नु परेमा यस कार्यालयमा कार्यालयको समय भित्र सम्पर्क राख्न सकिने छ।

**तपसिल**

| क.स. | ठेक्का नं. | ठेक्काको विवरण | उत्खनन् स्थान | उत्खनन् वस्तु | कुलउत्खनन् परिमाण (घ.मि.) | आ.व. २०७५/०७६ को लागी न्युनतम अंक ठेक्का रकम (सेवाशुल्क र भ्याट वाहेक) | न्युनतम धरौटी रकम | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| १. | २/२०७५/०७६ | नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि) उत्खनन् संकलन तथा बिकी वितरण | गागनखोला | ढुंगा, गिट्टी, ग्राभेल र बालुवा | ६७,३०५ | रु.९२,८८,०९०।०० | कबोल अंकको ५% | रु.३०००।०० |
| २. | ३/२०७५/०७६ | | घुर्मि खोला | | ६७,३०५ | रु.९२,८८,०९०।०० | | रु.३०००।०० |

गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय